परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ३२ २०७७ फाल्गुण २३ गते आईतवार Sunday 7, MAR, 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## श्रीमतीको मृत्युपछि सुस्तमनस्थिति भएको छोराको पालन-पोषणमा समस्या, परिवार विचल्लीमा



विराटनगर । सुनसरीको हरिनगरा गाउँपालिका वडा नं. २ को शत्रुधन कुमार कर्णको श्रीमतिको मृत्यु भएपछि सुस्तमनस्थिति भएको छोरालाई पालन पोषणमा समस्या भएपछि परिवार नै विचल्लीमा परेको छ ।

विवाहित जीवनमा प्रवेश गर्नु भन्दा अघि खुशिहाल जिन्दगी विताई रहेको कर्णको विहे भएपछि जीवनमा ब्रजपात शुरु भएको वहांको भनाई छ । विवाह भएको एक वर्ष भित्रै श्रीमतिको मृत्यु भएपछि दोस्रो विवाह बिराटनगर की अनिता मल्लीकसंग भएको थियो ।

कर्णलाई पहिलो सन्तानको रुपमा छोरी, दोस्रो सन्तानको रुपमा सुस्त मनस्थिति भएको छोरा परिक्षित कर्ण र तेस्रो सन्तान पनि छोरा पाएका थिए ।

श्रीमति अनिता मल्लीक पेङ्गत्रियाज, डाईविटिज लगायतको रोगवाट ग्रसित भएपछि श्रीमतिको उपचारको लागि दिल्लीको एम्स हस्पिटलमा उपचारको क्रममा ४०/५० लाखको घर घडेरी समाप्त भएपछि अहिले ठूलो छोरीको विवाह गर्ने बोझ र कान्छो छोराको पढाईको बोझ र माहिलो सुस्तमनस्थिति भएको छोरालाई दिन भरी निगरानी गर्नु परेकोले कर्ण घरवाहिर काम गर्न जानसक्दैन । जसका कारण आर्थिक अवस्था पूर्ण रुपमा कम्जोर भई सकेको छ ।

घर-घडेरी विक्री गरेर सुकुम्वासी बनेका कर्णले मेरो सुस्तमनस्थिति भएको छोरालाई कुनै आश्रम वा नेपाल सरकारको कुनै संस्था राख्नको लागि लागि भौतारी रहेको छ । जब सम्म छोरोलाई कुनै ठाउँमा जिम्मा लाग्दैन घरवाट बाहिर निस्कन सक्दन घर वाहिर कामको लागि निष्किएन भए घरको खान खर्च कसरी जुटाउने भन्ने चिन्तामा दिन काटिरहेको छ ।

कर्णले मेरो सुस्तमनस्थितिको छोरालाई संघ संस्था वा नेपाल सरकारले कुने ठाउँमा राखि दिनको लागि आग्रह समेत गरेको छ । सुस्तमनस्थिति भएको छोरालाई कहि जिम्मा लगाउन पाए अरु दुई सन्तनको भविष्यको लागि केही गर्न सक्छु अन्यथा एक सुस्तमनस्थिति भएको छोराको कारण अन्य दुई सन्तानको जीवन बरवाद भईरहेको वहांको भनाई छ ।

## कोशीमा न्यूरो सर्जरी र आँखा उपचार सेवा विस्तार

विराटनगर । कोशी अस्पताल विराटनगरमा न्योरो सर्जरी र आँखा उपचार सेवा विस्तार गरिएको छ ।

अस्पताललमा न्यूरो सर्जरी र आँखाको थप सेवा विस्तार गरिएको हो । अस्पतालले अत्याधुनिक उपकरण जडान गरि न्यूरो सर्जरी र आँखा सम्बन्धी सेवाहरू सञ्चालनमा ल्याएको अस्पतालका मेडिकल सुपरिटेन्टेण्ड डा.चुमनलाल दासले जानकारी गराएको थियो ।

न्यूरो सर्जरी सम्बन्धी उपचार न्यूरो सर्जन डा.रोशन खतिवडाको टिमले गर्ने भएको छ भने आँखा सम्बन्धीको उपचार अस्पतालका नेत्ररोग विशेषज्ञ डा. अबिनास झाले गर्ने भएको छ

आँखा सम्बन्धी सेवाको ओपीडी सुचारू भएको छ 'प्रारम्भिक चरणमा हप्तामा एक पटक आँखा सम्बन्धी समस्याको शल्यक्रिया हुने र अन्य दिन ओपीडी सेवा सञ्चालन हुनेछ ।

तत्काल अहिले माइनर सर्जरी हुने गरेको अस्पतालले जनाएको छ । थप इकुप्मेन्ट र जनशक्ति भएपछि अस्पतालले मोतियाबिन्दु लगायतका आँखाको सम्पूर्ण उपचार हुने भएको छ ।

## परियारलाई थुनामा राख्न आदेश

विराटनगर । प्रदेश नं. १ मोरंग जिल्लाको उर्लाबारी नगरपालिका वडा नं. ५ को ३१ वर्षीय प्रवीण बास्तोलाको शंकास्पद मृत्यु प्रकरणका प्रतिवादी कानेपोखरी गाउँपालिका घर भएको सुदीप परियारलाई जिल्ला अदालत मोरंगले थुनामा राख्न आदेश दिएको छ ।

परियारलाई इलाका प्रहरी कार्यालय उर्लाबारीका प्रहरी निरीक्षक उद्धव पोखरेल नेतृत्वको टोलीले मोरङको कानेपोखरी गाउँपालिका वडा नं. ७ रमाइलोबाट नियन्त्रणमा लिएको थियो ।

परियारविरुद्ध यसअघि नै कर्तव्य ज्यान मुद्दा अदालतमा दर्ता भइसकेको छ । बास्तोला मृत्यु प्रकरणमा जोडिएपछि फरार रहेकाहरुको खोजी तीव्र बनाएको प्रहरीले प्रतिवादीलाई धमाधम पक्राउ गरिरहेको छ ।

मृत्यु प्रकरणमा जोडिएका उर्लाबारी नगरपालिका वडा नं. ६ का ६० वर्षीय रमेश गिरीलाई जिल्ला अदालत मोरङका न्यायाधीश सुदर्शन लामिछानेको इजलासले एक लाख रुपैयाँ धरौटी लिएर छाड्न आदेश दिएको थियो ।

उर्लाबारी नगर पालिका वडा नं. ६ स्थित गिरीको घरमा डेरा

वांकी अन्तिम पेजमा...

## भ्रष्टाचार एक प्रकारको रोग हो : सचिव तोयम राय

बिराटनगर । मोरंग जिल्लाको सरोकारवाला निकायहरुको सहभागीता आयोजित भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका र सार्वजनिक निकायको दायित्व विषयको अन्तरक्रिया कार्यक्रममा भ्रष्टाचार एक प्रकारको रोग भएको वताएको छ ।

उक्त कुरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सविच तोयम रायले वताएका हुन् । एक पटक भ्रष्टाचार गर्न लत परेपछि भ्रष्टाचार नगरी चित्तै बुझ्दैन त्यसैले भ्रष्टाचार अरुले रोकेर रोकिदैन भ्रष्टाचार रोक्न आफै बाट शुरु गर्नुपर्छ वहांको भनाई थियो ।

गल्ती गरेको छैन भने कसैले पनि सजाय गर्न सक्दैन भने अश्वासन दिदै यदि गल्ती गरेको छ भने कारवाही गर्न आयोग पछि हट्दैनन् भनी चेतावनी दिएका थिए । आयोगमा आएको उजूरीहरुका बारेमा आयोगले गम्भीर छलफल गरि रहेको जानकारी गराउँदै अख्तियारले दिएको ६१ बुद्धे निर्देशन पालन गर्न आग्रह गर्दै अहिले सम्म अख्तियारको कारणले कुनै पनि काम रोकिएको छैन यदि ६१ बुद्धे निर्देशनले स्थानीय तहमा कुनै किसिमको अप्ठयारो छ भने सुझाव पठाउन आग्रह गरेका थिए ।

स्थानीय तहहरुले कुनै पनि निर्णय गर्दा कानूनी आधार खोज्न आग्रह गर्दै अख्तियार अनुसन्धान आयोगमा परेको उजुरीहरुको टुगो लगाउन ढिलो भएको गुनासोहरु आउने गरेको हुँदाले सोधेको प्रश्नहरुको स्थानीय तहहरुले चाँडो जवाफ पठाएर मुद्दालाई किनारा लगाउन सहयोग गर्न रायले आग्रह गरेका थिए ।

सोही अवसरमा विराटनगर महानगर पालिकाका प्रमुख भीम पराजुलीले अख्तियारलाई निश्पक्ष बनाउन राजनितिक नियुक्तिवाट माथि उठ्नु पर्छ । अख्तियारमा राजनीतिक नियुक्त भई रहदा सम्म निश्पक्षतामा प्रश्न चिन्ह रहि रहन्छ । अख्तियारमा कर्मचारी नियुक्त नै त्रुटिपुर्ण रहको भन्दै आयोगमा परेको उजुरीको किनारा लगाउन आग्रह गरेका थिए ।

पराजुलीले भने यस किसिमको अन्तरक्रिया कार्यक्रम निरन्तर गर्न आग्रह गर्दै गल्ती काम गर्ने संगै हुन्छ त्यसैले म बाट गल्ती भयो भने सच्याउछु भन्दै सवैले आफैवाट सचिने प्रयास गर्न आग्रह समेत गरेका थिए ।

त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय इटहरीका प्रमुख बाबुराम खतिवडाले आयोगमा परेको उजुरीहरुका बारेमा कार्यपत्र प्रस्तुत गर्दै आयोगको इटहरी स्थित कार्यालयमा २५ हजार उजुरी परेको मध्ये ४ सय ५० वटा उजुरीहरुलाई

वांकी अन्तिम पेजमा...

नेपाल सरकार स्वास्थ्य मन्त्रालय द्धारा प्रमाणितदुईबालबालिका चिन्हभएको आयोडिनयुक्त नुन नै प्रयोग गरौं ।
आयोडिन मन्थ सफल पारौं
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
अञ्चल कार्यालय विराटनगर

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## भ्रष्टाचार..

कारवाही प्रक्रियामा लगेको जानकारी गराएका थिए ।

अख्तियार अनुसन्धान कार्यालय इटहरीका उपसचिव पुरुषोत्तम ढकालले नितीगत भ्रष्टाचारहरुको बारेमा जानकारी गराएका थिए । खास गरी स्थानीय तहरुमा जग्गाको कम मूल्य राखेर सिफारिस गरिएको, काम नै नगरी बिल पेश गरेको, लक्षित वर्गको बजेटमा हिनामिना, भ्रमण नगरीकन पनि भ्रमण भत्ता लिएको, समान कम मूल्य बढी राख्ने गरेको, राहत वितरणमा अनिय मितता, झुठ्ठा बैक ग्यारेण्टी लगायतको काम गरेर भ्रष्टाचार भई रहेको वातएका थिए ।



सोही कार्यक्रम मोरंगका प्रमुख जिल्ला अधिकारी कोषहरी निरौलाले अख्तियारले एकलै मात्र भ्रष्टाचार नियन्त्रण गर्न नसक्ने हुँदा अख्तियारको काम कारवाहीलाई विकेन्द्रित गर्नु पर्ने भन्दै अख्तियारको अधिकारलाई अन्य सराकारवाला कार्यालयलाई दिए आयोगलाई सहज हुने वताएका थिए ।

त्यसैगरी नागरिक निगरानी समूहका अध्यक्ष दिनेश श्रेष्ठले नागरिक स्तरवाट पनि भ्रष्टारको विरुद्धमा खवरदारी गर्न, भ्रष्टाचारलाइ न्यूनिकरण गर्न, कार्यालयको कामकारवाहीलाई पार्दशी वनाउनका लागि खबरदारी गर्ने वताएका थिए ।

उक्त कार्यक्रममा मोरंग जिल्ला भरीका १७ वटा स्थानीय तहका जनप्रतिनिधी, प्रमुख प्रशासकिय अधिकृत, सामुदायिक विद्यालयका प्रतिनिधी, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधी, भ्रष्टाचार निवारणको लागि काम गर्ने संघ संस्थाका प्रतिनिधीहरुको उपस्थिति रहेको थियो ।

## परियार..

बस्ने साथीहरुको कोठामा अघिल्लो रात सुत्न गएका प्रवीणको गत पुस ५ गते शंकास्पद मृत्यु भएको थियो । परिवारका सदस्यले भने हत्या भएको भन्दै छ जनाविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले घटनालाई कर्तव्य ज्यान मुद्दाका रुपमा अनुसन्धान अघि बढाएको थियो ।

यसअघि पक्राउ परेका मोरङको रतुवामाई नगरपालिका वडा नं. १० का २९ वर्षीय निकेश शिवा भनिने मेहरमान दर्जी र उर्लाबारी नगरपालिका वडा नं. ९ का ३४ वर्षीय कुमार राईको हकमा अदालतले बिहीबार नै आदेश दिइसकेको थियो ।

आदेश अनुसार दर्जी पूर्पक्षका लागि थुनामा छन् भने राई तीन लाख रुपैयाँ धरौटी बुझाएर छुटिसकेको छ । मुद्दामा प्रतिवादी बनाइएकामध्ये चार जना पक्राउ परिसके पनि झापाको दमक नगरपालिका वडा नं. १० का ३३ वर्षीय राजेश रणपहेली र झापा बैगुनधुराका ३१ वर्षीय दिपेश पौडेल फरार रहेका छन् । दुवै जनाको खोजी जारी रहेको प्रहरीको भनाई छ ।


### विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०



### अन्तर्राष्ट्रिय नारा

"Women in leadership : Avhieving an equal future in a COVIS-19 World"

### राष्ट्रिय नारा

"महिलाको सुरक्षा समृद्ध नेपालको आरधार : सम्मान र रोजगार,"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग








विराटनगर महानगरपालिका वडा नं. ५ मा रहेको खुल्ला ब्यायाम शाला भवन ।


### अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश ug{sf ; fy}xfn 98 t yf gzf /f}u, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

#### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१





परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# फरकधार भएका दुई समूहलाई मूलधारमा ल्याउन ओली सफल

नेपालमा संघिय लोकतान्त्रिक संविधान बनेपछि जनताको बहुमत प्राप्त नेपाल कम्यूनिष्ट पार्टीका प्रधान मन्त्री केपी शर्मा ओली फरकधार भएको दुई राजनीतिक समूहलाई मूलधारमा ल्याउन ओली सरकार सफल भएको छ , हालै नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी राजनीतिक मूलधारमा फर्किएको छ , त्यसका लागि ३ बुँदे सहमति भएको छ , विप्लव समूह सम्पूर्ण राजनीतिक विषयको समाधान संवादका माध्यमबाट गर्न तयार भएको छ , आफ्ना राजनीतिक क्रियाकलाप शान्तिपूर्ण रूपमा सञ्चालन गर्न राजी भएको भएपछि तामझामका साथ नेपाल सरकारको तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओली र नेत्रविक्रम चन्द (विप्लव) बीच घाम र जूनको भेटसंगै तुलना गर्दै मूलधारको राजनीतिमा फर्किएको छ , विप्लव समूहले संसदीय व्यवस्थाको विरोध गर्दै भूमिगत आन्दोलनमा होमिएका थिए , दुईवर्ष अगाडी एनसेल टावर लगायतको ठाउँमा विध्वसात्मक घटना गराएपछि नेपाल सरकारले नेत्र विक्रम चन्द (विप्लव) समूहलाई नेपाल सरकारले प्रतिवन्ध लगाएका थिए ,

यसअघि मधेशलाई छुट्टै राष्ट्रिय बनाउने भन्दै मधेशमा राजनीतिक गतिविधी गर्दै आएका स्वतन्त्र मधेशको अभियन्ता सिके राउतलाई पनि मूलधारको राजनीतिमा फर्काउन श्रेय पनि नेपाल सरकारका प्रधानमन्त्री केपी शर्माआलीलाई नै जान्छ , हुन त प्रधानमन्त्री केपी शर्मा आलीले केही महिना अगाडी प्रतिनीधि सभा विघटन गरेको भन्दै त्यसके विरोधमा देश भरी नै आन्दोलन भएको थियो , प्रतिनिधी सभा विघटनको मुद्दामा सर्म्वोच्च अदालतमा मुद्दा परेपछि सर्वौच्च अदालतले प्रतिनिधी सभा पू:स्थापन गर्ने निर्णय गरेपछि ओली सरकार अल्पमतमा देखिन्छ भने नेपाली जनतालाई देखाईएको सपनालाई तुसारापात गरेपछि ओलीको साख घटेको छ , आली सरकारको विरोद्ध भई रहेको वेला सरकारले प्रतिवन्ध लगाएको नेत्रविक्रम चन्द (विप्लव) कोपार्टीमाथि लगाएको प्रतिबन्ध हटाउने र सम्पूर्ण बन्दी रिहाइ एवं मुद्दा खारेजी गर्ने प्रतिबद्धताले ओली सरकारले केही राहत महसुस भएको र ओलीको गिरेको साखलाई केही हद सम्म जोगाउने गोटीको रुपमा प्रयोग गरेको आम नेपाली जनताको बुझाई रहेको छ ,

नेपालमा माओवादीको जनयुद्धलाई शान्तिवार्ताको माध्यमवाट मूल राजनीतिकमा फर्काए झैं त्यस पछि छुट्टै राष्ट्र बनाउने स्वतन्त्र मधेशको अभियन्ता सिके राउतलाई मूलधारको राजनीतिमा ल्याएपछि राउतले जनमत पाार्टी खोले आफ्नो गतिविधी गरी रहेको छ , त्यसैगरी संसदीय व्यवस्थालाई नमान्ने माओवादीकै एक गुट नेत्रविक्रम चन्द विप्लवले विध्वसात्मक आन्दोलनवाट मूलधारको राजनीतिमा फर्किएको छ , आमी दिनमा विप्लवले कुन राजनीतिक दल खोल्नेछ त्यो अगामी दिनले निर्धारण गर्ने नै छ , फरक राजनीतिक धारवाट शुरु गरीएको राजनीतिक दुवै व्यक्तित्व मूलधारको राजनीतिमा फर्किएकोमा दुवैलाई हार्दिक वधाई तथा शुभकामना , नेपाल शान्ति र अहिंसाका अग्रदुत गौतम बुद्ध जन्मेको देश भएकोले हिंसात्मक स्थलका रूपमा लागुभन्दा पनि शान्तिको रूपमा देश र जनता शान्तिपूर्वक विकासको बाटोमा लगी देशलाई सुखी र समृद्ध वनाउन जरुरी छ ,

# सर्वोच्च अदालतको ऐतिहासिक फैसलाका तीन आयाम

दीपेन्द्र झा

२०७७ फागुन ११ गते सर्वोच्च अदालतको संवैधानिक इजलासको पाँचैजना न्यायाधीशको सर्वसम्मत फैसलाको संक्षिप्त आदेशले देशभरि नै खुसियाली तरंग सञ्चार गरेको छ । यस फैसलाले २०७७ साल पुस ५ गते प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटनको सिफारिस गरेवमोजिम राष्ट्रपति विद्यादेवी भण्डारीले संसद विघटन गरिदिएको घोषणालाई बदर गरिदिएको छ ।

संविधान, कानूनका विद्यार्थीहरुका लागि फैसला अनपेक्षित पक्कै थिएन । किनकी नेपालको संविधान २०७२ को धारा ७६(७) बमोजिम एकचोटी विश्वासको मत प्राप्त गरिसकेको प्रधानमन्त्रीलाई संसद विघटनको अधिकार प्राप्त थिएन । तर आशंका, अन्यौल, विभिन्न शक्तिकेन्द्रहरुले खेल खेलिरहेको जस्ता यावत विश्वसनीय, अविश्वसनीय हल्लाहरु देशैभरि नै व्याप्त थिए ।

त्यसका बाबजुद न्यायाधीशहरुले पक्ष विपक्षका कानूनी र व्यवहारिक तर्कहरु सुनिरहे, प्रश्नहरु गरिरहे, कागज प्रमाणहरु परीक्षण गरे र अन्ततः संविधान, संविधानवाद तथा कानुनी शासन सुरक्षित गर्नेगरि फैसला सुनाइदिए । प्रतिनिधि सभा विघटन भएको ६६ दिन पछि सर्वोच्च अदालतको आदेशले प्रतिनिधि सभालाई पुरानै अवस्थामा कायम गरिदियो ।

हुन त प्रश्नहरु अझै उठेका छन् अदालतले छिटै फैसला किन गरेन ? पाँचजना न्यायाधीशमध्ये ३ जना एकातिर २ जना अर्कोतिर भएपछि पछि फेरि सर्वसम्मत फैसला लेखियो । कसैले आशंका गर्छन् यो फैसला पनि कसैको डिजाइनमा त भएन ? आदि । तर पर्दा पछाडि जेजस्तै खिचडी पाकेपनि सर्वोच्च अदालतको फैसला भने नेपालको संविधानको शब्द र भावना अनुकुल छ भन्न कुनै किन्तु परन्तु लगाउनुपर्ने अवस्था छैन ।

प्रधानमन्त्रीबाट असंवैधानिक कार्य भएको हो भन्ने पुष्टि अदालतको आदेशले गऱ्यो । बेलायतलगायत उन्नत प्रजातान्त्रिक मुलुक भएको भए सायद संविधान उल्लंघनको फौजदारी मुद्दा नै लाग्थ्यो ।

नेपालको संविधानको धारा ७६(१) र (७) तथा ८५ बमोजिम प्रतिनिधि सभा विघटन गर्नु संविधान अनुकूल नरहेको भन्ने आसयका साथ फैसला भएको देखिन्छ । संसदीय प्रणाली अवलम्बन गरेका अन्य मलुकका भन्दा नेपालको संसदीय व्यवस्था हालको संविधानको प्रावधान अनुसार पृथक रहेको छ ।

सुधारिएको संसदीय व्यवस्थाको परिकल्पना गरेको छ संविधानले । रिट दायरकर्ता तथा सम्पूर्ण नेपाली जनताको माग बमोजिम नै संवैधानिक इजलासले सफा मनको प्रयोग गरी निर्णाय गरेको कुरा सम्पूर्ण नेपाली जनताले स्वीकार्य गरेका छन् भन्ने आशा लिएको छु । यसकारण समेत हालको पूर्ण बहुमतको प्रधानमन्त्रीले संसद विघटन गर्न पाउनु स्वीकार्य हुन नसक्ने भन्ने भावका साथ प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, सपना प्रधान मल्ल, अनिलकुमार सिन्हा तथा तेजबहादुर केसीको नाम यस फैसलाका कारण निर्माण भएको संवैधानिक विधिशास्त्रको क्षेत्रमा अविस्मरणीय रहने छ ।

फैसलाको पूर्णपाठ तयार भएर आउँदा यस मुद्दाका विषयवस्तुमा संवैधानिक, सैद्धान्तिक, अन्तर्राष्ट्रिय अभ्यास आदि विषयवस्तुको विवेचना पढ्न पाइने नै छ । तर हाल सार्वजनिक भएको संक्षिप्त आदेशको आधारमा यस फैसलाको महत्व निम्न बुँदाहरुमा राख्ने कोशिस गरेको छु ।

राजनीतिक अस्थिरताको समाधान केन्द्र संसद : २०७७ पुस ५ गते प्रतिनिधि सभा विघटन गरी २०७८ वैशाख १७ र २७ गतेका लागि निर्वाचनको मितिसमेत घोषणा गरिएको थियो । वैशाख १७ र २७ गते निर्वाचन हुनसक्ने विश्वास भने कसैले गरेकै थिएन । प्रधानमन्त्री केपी शर्मा ओली र उनका केही भक्तहरु बाहेकलाई वैशाखमा निर्वाचन हुन्छ भन्ने विश्वास थिएन ।

यस अवस्थामा संसद विघटन सदर भएको भए समयमा निर्वाचनसमेत सम्पन्न हुन नसकी एउटा राजनीतिक र संवैधानिक रिक्तताको स्थिति सिर्जना हुने थियो । यस अवस्थामा विभिन्न भित्री र बाहिरी शक्ति केन्द्रहरुले खेल्ने मौका पाउने थिए । यसबाट नेपालको संविधान र राजनीतिक व्यवस्थामा एउटा जटिल संकट उत्पन्न हुनसक्ने अवस्था विद्यमान थियो ।

हुन त संसद पुनर्स्थापना भएपनि राजनीतिक संकट टरिसकेको भने होइन । आफूले विश्वास नगरेको संसदलाई फेरि पनि सामना गर्छु भन्ने प्रधानमन्त्रीको हठ विशुद्ध राजनीतिक बेइमानी हो । यस अवस्थामा सन् ९० को दशकमा भएको सांसद किनबेच, पार्टी विभाजन, संसदभित्रै बाधा अवरोध जस्ता वान्छित अवान्छित क्रियाकलाप हुनसक्ने अनुमान सहजै गर्न सकिन्छ ।

तर त्यति हुँदा पनि यी र यस्तै उत्पन्न हुनसक्ने जुनसुकै राजनीतिक परिस्थितिको समाधान संसदबाटै खोज्न नेपालका राजनीतिक दल बाध्य हुनेछन् । यस अर्थमा संसदबाहिरका अन्य दृश्य अदृश्य शक्तिको खेल्ने ठाउँ सीमित हुनेछ भन्ने विश्वास लिन सकिन्छ ।

नेकपा भन्ने राजनीतिक दल एक रहने वा विभाजन हुने, नेपाली काँग्रेसले अविश्वास प्रस्ताव तथा प्रधानमन्त्री निर्माणमा खेल्न सक्ने महत्वपूर्ण भूमिका, जनता समाजवादी पार्टीले आफना असन्तुष्टिहरुलाई उजागर गर्दै राजनीतिक समीकरणमा लोकतन्त्रलाई मजवुत बनाउन खेल्नुपर्ने भूमिकासमेत संसदमै गर्नुपर्ने हुन्छ ।

यतिमात्र होइन राजीनामा नदिई संसदलाई सामना गर्छु भन्ने प्रधानमन्त्रीले पुन: संसदको विश्वास प्राप्त गरी सरकार संचालन गर्न पनि संसदले महत्वपूर्ण अवसर प्रदान गर्नसक्छ । मन्त्रिपरिषदको सिफारिसमा फागुन २३ गतेका लागि प्रतिनिधि सभाको बैठक राष्ट्रपतिले आहवान गर्नुभएको छ । यस बैठकमा प्रतिनिधि सभा सदस्यहरुले देश, संविधान, विधिको शासनप्रतिको आफ्नो जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्न सक्षम हुनुहोस् भन्ने अपेक्षा गर्दछु । नेपालको संविधान बमोजिम प्रधानमन्त्री संसदप्रति जिम्मेवार हुने हुनाले प्रधानमन्त्रीको समेत संसदप्रतिको जवाफदेहिता अपेक्षित छ ।

संविधानका आधारभूत मान्यताहरुको संरक्षण : प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिस बमोजिम गरिएको प्रतिनिधि सभा विघटन सदर भएको भए नेपालको संविधानको मर्म भावना र अक्षर समेतको विघटन हुनपुग्थ्यो ।

यस अवस्थामा दुई-दुई चोटीको संविधानसभामा भएका व्यापक बहस, छलफल र आन्दोलनहरुले उठाएका माग बमोजिम संविधानले आत्मसात गरेको संघीयता, धर्म निरपेक्षता, समानुपातिक समावेशीता जस्ता आधारभूत मान्यतामाथि प्रतिगामी तत्वहरुले आक्रमण गर्नसक्ने प्रवल सम्भावना हुन्थ्यो ।

प्रधानममन्त्रीबाट असंवैधानिक कार्य भएको हो भन्ने पुष्टि अदालतको आदेशले गऱ्यो । बेलायतलगायत उन्नत प्रजातान्त्रिक मुलुक भएको भए सायद संविधान उल्लंघनको फौजदारी मुद्दा नै लाग्थ्यो र सजायको भागी हुन्थ्यो ।

हो, यस संविधानका कतिपय व्यवस्थाहरुमाथि शुरुदेखि नै जनता समाजवादी पार्टी (हालको जनता समाजवादी पार्टी तत्कालीन अवस्थामा मधेस केन्द्रित विभिन्न दलहरुको समष्टि हो) ले असन्तुष्टि राख्दै आएको छ । खासगरि संघीयताको सीमांकन, प्रादेशिक स्वायत्तता र पहिचान, नागरिकता, भाषा आदिजस्ता विभिन्न महत्वपूर्ण विषयहरुमा उसले असन्तुष्टिहरु राख्दै संविधान परिमार्जनको आवाज उठाउँदै आएको छ ।

तर सम्पूर्ण संविधान कुनै शासकको सनकको आधारमा विघटन भएको परिवेशमा यस संविधानको रक्षार्थ जनता समाजवादी पार्टी समेत सडकमा विरोध जनाउन पुग्नु नेपालको संविधान र संविधानवादको लागि सुखद पक्ष मानिनुपर्छ ।

प्रधानमन्त्रीको संसद विघटनको सिफारिसबाट हौसिएर कतिपय जिम्मेवार नेतृत्वहरुले अब संघीयता खारेज गर्नुपर्छ, नेपाललाई हिन्दु अधिराज्य घोषित गरिनुपर्छ, प्रदेश सरकारलाई कमजोर बनाउनुपर्छ भन्नेजस्ता उद्गारहरु प्रकट गर्न थालेका थिए । प्रदेश एक र वाग्मती प्रदेशमा प्रदेश सरकारविरुद्ध अविश्वासको प्रस्ताव समेत दर्ता भइसकेको छ । यसबाट ती

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२०००० 
इटहरी बारुणयन्त्र ५८०१०१ 
धरान बारुणयन्त्र ५२०१९९ 
इनरुवा बारुणयन्त्र ५६०१०१ 
दमक बारुणयन्त्र ०२३-५८०१०१ 
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३ 
नेरेसो रंगेली ५८००४८ 
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४ 
रंगेली अस्पताल ५८००४८ 
आँखा अस्पताल ५२३७०६ 
सुरक्षा अस्पताल प्रा.लि. 
०२१-५३६९४१, ५२२८७७ 
एम्बुलेन्स ९८०२७५३७१७, 
९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय 
०२१-४३५००१ 
जिल्ला प्रहरी कार्यालय 
५३०३५८, ५२३९०१,१०० 
नगर प्र.का.. बिराटनगर 
५२१८५०, ५३०३६७, ११०, 
इ.प्र.का. रंगेली 
८०१००८०१३० 
इ.प्र.का. उर्लाबारी 
०२१-५४०००२ 
सिमा प्रहरी चौकी 
०२१-४३५८४०

# नेपाली काँग्रेसभित्रको अन्यौलता

निमिष झा

नेपाली काँग्रेसले फागुन ७ गते पार्टीको १४औं महाधिवेशन गर्ने निर्णय गरिसकेको छ तर महाधिवेशन होला न होला अनिश्चित छ। संसद विघटनपछि यो मुद्दामा नेताहरु बोल्नै छाडेका छन्। तय मितिमा महाधिवेशन नहुने पक्का भइसकेको छ। फागुनमा महाधिवेशन सम्भव नभएपछि २०७८ जेठ या भदौलाई नयाँ मितिको बहस भइरहेको बेला प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटनको घोषणा गरेसँगै कांग्रेस अलमलमा परेको देखिन्छ।

गत वर्ष पुस ११ गते पार्टीको महाधिवेशन २०७६ फागुन१९ भित्र सम्भव नहुने र महाधिवेशन गर्न नसकेको अवस्थालाई नै असामान्य परिस्थिति घोषणा गर्दै एक वर्ष म्याद थपेको थियो। पार्टीले एक वर्षको म्याद थपे पनि महाधिवेशनको अन्योलता यस वर्ष पुस ५ गते संसद विघटनको दिनसम्म कायमै थियो।

प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरेपछि कांग्रेस भित्र महाधिवेशनको चर्चा नै हराएको छ। यसअघि पनि गत वर्ष चैत ११ देखि कोरोना महामारीको त्रास रोक्न लकडाउन लागेपछि पनि महाधिवेशनको चर्चा सेलाएको थियो। लकडाउनपछिका दिनहरुमा जिल्ला-जिल्लामा पार्टी प्रवेशसहितका कार्यक्रम सञ्चालन भए पनि महाधिवेशनको कार्यासूचीमा प्रवेश गर्न नसक्दा पटक-पटक कार्यतालिका परिवर्तन हुँदै आइरहेको छ। गत वर्ष थपिएको म्याद पनि आगामी फागुन १९ देखि समाप्त हुँदैछ। कांग्रेसको विधानअनुसार अब म्याद थप्ने बाटो बाँकी छैन। आगामी फागुन ७ देखि १० गतेसम्म काठमाडौंमा हुने भनिएको १४ औं महाधिवेशन पनि अनिश्चय बनेको छ।

कोरोनाको त्रास र संक्रमण केही कम भएर पार्टी भित्र महाधिवेशनको दबाव बढे पनि प्रतिनिधिसभा विघटनपछि कांग्रेस पुनः आन्दोलन केन्द्रित हुँदा महाधिवेशनको कार्यसूची नै हराएको छ। त्यसैले कांग्रेसको विधानअनुसार महाधिवेशन सम्भव नहुने भएपछि संविधानको सहारा लिनुपर्ने अवस्था छ।

प्रतिनिधिसभा विघटन असंवैधानिक भनेर कांग्रेसले सडक संघर्षको बाटो रोजेको छर। उसले दोस्रो चरणको आन्दोलन पनि घोषणा गरिसकेको छ। उता संसद विघटनको मुद्दा अदालतमा प्रवेश गरिसकेको अवस्थामा सभापति शेरबहादुर देउवा आन्दोलन नगर्ने मनस्थितिमा छन् तर चौतर्फी दबाबले घेरिएपछि आन्दोलनमा जान सहमत भएका हुन। यद्यपी कांग्रेस भित्र आन्दोलन कि संसद पुनर्स्थापना भन्ने विषयमा नेताहरु विभाजित छन्। सभापति देउवा अदालतबाट संसद ब्युँतिने आशमा छन भने वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलासहितका नेताहरू आन्दोलन गर्नुपर्ने बताइरहेका छन्। पौडेलले संसद पुनःस्थापनाले मात्रै असंवैधानिक कदम नसच्चिने भन्दै नेतृत्वलाई आन्दोलनतिरै तान्न दबाब दिइरहेका छन्। संसद् पुनःस्थापना नहुने र निर्वाचन पनि नगराउने परिस्थितिको आकलन गर्दै सिटौलाले पार्टीलाई दोधारमा नराखेर तत्काल आन्दोलनका लागि तयार हुनुपर्ने बताउँछन्।

आन्दोलनमा जान तयार भए पनि संसद पुनःस्थापनाको मुद्दा उठाउन भने सभापति देउवा हच्चेका छन्। उनको असहमतिकै कारण पार्टीले संसद पुनःस्थापनाको विषय केन्द्रीय समितिको निर्णयमा उल्लेख गरिएको छैन। 'असंवैधानिक र अलोकतान्त्रिक कदमविरुद्धको आन्दोलन भन्नुको अर्थ त्यसलाई सच्याउनु हो। त्यो भनेको संसद पुनःस्थापनाकै लागि हुने आन्दोलन हो। अदालतलाई पनि हाम्रो यही अपिल छ,' काँग्रेस केन्द्रीय समितिको बैठकमा पौडेलले भनेका थिए। सिटौलाले प्रधानमन्त्री केपी ओलीको पार्टी संगठनतिरको ध्यान, निर्वाचन आयोगको तयारीलगायतले वैशाखमा निर्वाचन हुने र संसद पुनःस्थापनासमेत नहुने अवस्थाले राजनीतिमा कालो बादल मडारिरहेको आफूले देखेको बैठकमा बताए।

'निर्वाचन हुने नै भयो भने आन्दोलनलाई त्यतैतिर डाइभर्ट गरौला तर अहिले आन्दोलनको विकल्प छैन। आन्दोलनले पार्टीको संगठन पनि बनाउँछ। संविधान र राजनीतिक व्यवस्थालाई बचाउने काम पनि गर्छ,'बैठकमा सिटौलाको भनाइ थियो।

प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानमै नभएको अधिकार प्रयोग गरेर प्रतिनिधिसभा विघटन गरेको यतिका दिन बित्दा पनि पुनःस्थापना कि निर्वाचन भन्नेमा कांग्रेस दोधारमा छर। संसद विघटनपछि पुस १३ गते कांग्रेसले १ सय ६५ निर्वाचन क्षेत्रमा विरोध प्रदर्शन गर्‍यो तर उक्त विरोध प्रदर्शनमा पनि पार्टी नेताहरूको समान धारणा रहेको थिएन। सभापति देउवा र उनीपक्षीय धेरैजसो नेता संसद पुनःस्थापनाको विपक्षमा उभिए भने संस्थापनइतर नेताहरू पुनःस्थापनाको पक्षमा देखिए।

सभापति देउवा निकट नेताहरुकाअनुसार प्रतिनिधिसभा विघटनविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले र नेकपाको पार्टी विभाजनसम्बन्धी विवादमा निर्वाचन आयोगले निर्णय नदिएसम्म पर्खनुपर्ने पक्षमा उनी छन्। जबकी पौडेले पक्षको जोड प्रतिनिधिसभा पुनःस्थापनालाई प्राथमिकतामा राखेर सडक संघर्षमा जानुपर्नेमै छ। अदालतले विघटनलाई सदर गरेपछि मात्रै निर्वाचनको मुद्दा कांग्रेसले बोक्नुपर्ने मत पौडेलको छ। विघटनको विरोधमा रहेको नेकपाको दाहाल-नेपाल समूहसमेत निर्वाचनको तयारीमा अघि बढिसकेकाले कांग्रेस निर्वाचनबाट भाग्न नसक्ने नेताहरुको भनाइ छ।

'अदालतले पुनःस्थापना गरे पनि ठीकै भयो, विघटनलाई सदर गरेमा हामी निर्वाचनकै लागि तयारी गर्ने हो, त्यतिबेला निर्वाचन सुनिश्चितताका लागि सडकमा निस्कनुपर्ने हुन सक्छ' सहमहामन्त्री प्रकाशशरण महतले भने। प्रतिनिधिसभा विघटन, अध्यादेशबाट संवैधानिक परिषदमा पदाधिकारी नियुक्ति सिफारिस र कामचलाउ सरकारको मन्त्रिपरिषद् विस्तार जस्ता असंवैधानिक कदमलाई लिएर सडकमा जानुपर्ने पौडेलनिकट नेता नवीन्द्रराज जोशीको मत छ।

निर्वाचन क्षेत्रमुखी विरोध प्रदर्शन गर्नु आफैंमा चुनावी तयारी भएको संस्थापन पक्षका नेताहरूको तर्क छ। तर पार्टीभित्रको एउटा खेमाको दबाव र बाहिरी जनमत समेत विरोधमा भएकाले आफ्नो अनुकुलको निर्णय गराउन देउवालाई अप्ठ्यारो परेको छ। पार्टी नेतृत्वलाई तीव्र दबाब दिन अरू नेताहरूले पनि नसक्दा परिस्थिति जन्य रूपमा आइपरेको एजेन्डासमेत कांग्रेसले बोक्न सकेको छैन। निर्वाचनमा जाँदा कांग्रेसलाई फाइदा हुनसक्छ तर त्योभन्दा ठूलो संविधान र लोकतन्त्रको एजेन्डा हो। यो एजेन्डा पनि अहिले दाहाल-नेपाल समूह र नागरिक समाजको बन्न पुगेको छ। कांग्रेस यो एजेन्डा लिन पूर्णतः चुकेको छ।

सभापति देउवाको भित्री चाहना प्रतिनिधिसभा पुनःस्थापनातिर छैन। प्रधानमन्त्री ओलीले गरेको प्रतिनिधिसभा विघटनलाई साथ दिएर मुलुकलाई निर्वाचनतिर जान सके फेरि पनि सत्ता र पार्टी नेतृत्वको सिंढी चढ्न सकिन्छ भन्ने ठानेरै देउवाले जानीबुझीकनै पार्टीलाई अलमल्याइराखेको विश्लेण गरिन्छ। निर्वाचनको बहानामा पार्टीको महाधिवेशन पनि लम्ब्याउन सकिने दाउमा देउवा छन्।

विघटनको विषय अदालतमा प्रवेश गरिसकेकाले बोल्न नहुने देउवाको धारणा छ। स्वतन्त्र न्यायपालिकाको निर्णयप्रति पार्टीले जहिल्यै सम्मान गर्ने र निर्णय मान्ने र प्रतिनिधिसभा पुनःस्थापनाको विषय उठाउँदा अदालतलाई प्रभाव पार्ने काम हुने देउवाको भनाइ छ।

जानकारहरुका अनुसार प्रधानमन्त्रीले गरेको संसद विघटनको सिफारिस र राष्ट्रपतिले गरेको अनुमोदन संविधानसम्मत छैनर। संविधानविपरीतका यी कदमलाई संविधान र लोकतन्त्रको दृष्टिकोणले कांग्रेसले धारणा बनाउनुपर्छ।

प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक पनि भन्ने तर सच्याउने बाटो के हो भन्नेबारेमा पार्टीले स्पष्ट लाइन कांग्रेसको छैन। पार्टीले निर्वाचनको सुनिश्चितताका लागि दबाव दिनुपर्छ या प्रतिनिधिसभा पुनःस्थापना भनेर स्पष्ट अडान लिएर सडक संघर्ष आउनुपर्छ। तर अहिले पुनःस्थापना र सडक संघर्ष दुवै रोजे पनि नेतृत्व अलमलमा छ।

आम जनमत विरोधमा भएकाले निर्वाचनमा जाने हो पनि भन्न नसक्ने र प्रतिनिधिसभा पुनःस्थापनाबारे बोल्नै हुँदैन भन्ने दोधारे चरित्र नेतृत्वमा देखिएको छ।

ओलीको कदमलाई असंवैधानिक भनेर सडक संघर्षमा जाने तर त्यसलाई निर्वाचनको 'वार्मअप' मा परिणत गर्ने देउवाको योजना छ। प्रधानमन्त्री ओली र उनको समूहबाहेक सबैले यस कदमलाई असंवैधानिक भनिसकेको छ। समाजका सबै वर्ग प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दा उठाइरहेका बेला कांग्रेसले अदालतमा प्रवेश गरेको विषयमा बोल्नु हुन्न भन्नु आफैमा तर्कहीन विषय हो। संविधान र प्रजातन्त्रका लागि लडेको कांग्रेसले यसको रक्षाका लागि पनि दह्रो साथ खुट्टा टेक्नुपर्छ। पार्टीलाई पुनर्ताजगीका लागि परिस्थितिले कांग्रेसलाई ठूलो एजेन्डा दिएको छ। यो ऐतिहासिक अवसरलाई समात्न कांग्रेस चुकिसकेको छ। संविधान, लोकतन्त्र र सिद्धान्तको पहरेदार हुनुपर्ने कांग्रेसले आफ्नो पहिचान पनि गुमाउन लागेको छ।

नेता एनपी साउदले भने,'संसद पुनःस्थापनाको एजेन्डा पार्टीको हुँदै होइन। बहुमतको सरकारले काम गर्न सकिन भनेर निर्वाचनमा जान्छु भन्दा प्रतिपक्षले पुनःस्थापना हुनुपर्छ भन्न मिल्दैन।'

उता कांग्रेस सहमहामन्त्री सुनिलबहादुर थापा कांग्रेस चुनावबाट नभाग्ने बताउँछन्। 'लोकतान्त्रिक शक्ति चुनावबाट पछि भाग्दैन। सर्वोच्च अदालतले चुनावमा जानू भन्ने निर्णय गरेमा त्यसलाई कांग्रेसले सहर्ष स्वीकार गर्छ', थापाले भने। काँग्रसका केन्द्रीय नेतृत्व पुनःस्थापना कि निर्वाचनमा जसरी विभाजित छन् त्यसै गरी प्रदेशहरुमा पनि पार्टी अलमल रहेको छ। सभापति देउवाको भूमिका प्रस्ट नभएकाले पनि निर्णयमा पुग्न कठिनाइ परेको नेताहरूको भनाइ छ। ओलीको संसद विघटनको कदमलाई बाहिर असंवैधानिक भने पनि भित्रभित्रै देउवाले साथ दिइरहेको पार्टीभित्रै कतिपय नेताहरूले दाबी गरेका छन्।

संसद पुनर्स्थापना हुनुपर्छ भनेर नेकपाको प्रचण्ड-नेपाल समूह, जसपालगायतका दलहरु प्रष्ट छन्। जसपाले पुस २५ गतेदेखि माघ ७ सम्म दोस्रो चरणको कार्यक्रम घोषणा पनि गरेको छ। जसपाको सडक संघर्ष प्रतिनिधिसभा पुनःस्थापनामै केन्द्रित छ। विघटनविरुद्ध २३ दल तथा संगठनले पनि सडक संघर्षमा उत्रेको छ।

नेकपाको ओली समूह बाहेकका दल संसद विघटनविरुद्ध मैदानमा उत्रिएपछि काँग्रेसको अन्योलताबाट सबै चकित छन्। देउवा पक्षीय अधिकांश नेता अदालतको फैसलापछि काँग्रेसले नीति निर्धारण गर्नुपर्ने पक्षमा उभिए पछि पार्टी भित्र दोधारको अवस्था सृजना भएको छ।

संसद विघटनपछि पार्टीमा देखिएको अन्योलता चिर्न नेतृत्व पूर्णतः असफल भएको छ। पूर्वराजा ज्ञानेन्द्रले संसद विघटन गर्दा तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले एकसूत्रीय माग राखेर संसद पुनर्स्थापनाको पक्षमा उभिएका थिए। तत्कालीन समयमा गिरीजाप्रसाद कोइरालाले देखाएको शाहस र पहलकदमी सभापति देउवाले पनि देखाउनुपर्ने आम काँग्रेस नेताहरुको मत छ। (मधेश दर्पण फिचर सेवा)

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर मास्क लगाऔ।

## कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

विराटनगर। कर्तव्य ज्यान मुद्दाका फरार रहेका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्ने प्रतिवादी जिल्ला मोरंग ग्रामथान गाउँपालिका वडा नं. ४ मोतीपुर बस्ने ३८ वर्षको ओम नारायण धामीलाई जिल्ला प्रहरी कार्यालय मोरंगबाट खटिएका टालीले बुढीगंगा गाउँपालिका वडा नं. २ वाईपास सडकबाट १६ गते आईतबार पक्राउ गरेको हो।

२०७७ साल भाद्र १३ गते जिल्ला मोरङ बेलबारी नगरपालिका ५ कसेनी लोहन्द्रा पुल स्थित सोही ठाउँ एवस्ने वर्ष ३२ को जितेन चौधरी, वर्ष २५ को दिनेश श्रेष्ठ, वर्ष ३२ को सन्तोष मगर समेतले र वर्ष ४० को चन्द्र कुमार राई, वर्ष ४२ को सई कुमार राई, वर्ष ३५ समुन्द्र राई, वर्ष १६ को गौरव राई समेत सँग सामान्य बादविबाद हुँदा धारिलो हतियार खुकुरी प्रयोग गरी घाइते बनाएको थियो।

घाईतेहरुलाई उपचारको लागि बिराट मेडिकल कलेज बिराटनगर पठाएकोमा चन्द्र कुमार राईको उपचारको क्रममा मृत्यु भएको थियो। उक्त घटनामा संम्लग्न रही हालसम्म फरार रहेको धामीलाई पक्रउ गरी थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ।

## ढिस्कोले पुरिएर दुईको मृत्यु

मोरङ। मोरङ सुनवर्षी नगरपालिका वडा नं. ४ गान्धी आश्रम बस्दै आएकी २० वर्षीया बन्सुगिया यादवको माटोको ढिस्कोले पुरेर मृत्यु भएको छ।

सुनवर्षी नगरपालिका वडा नं. १ काला बन्जार स्थित डाँस खोलाको बगरमा माटो खन्ने क्रममा बन्सुगिया यादवको माटोको ढिस्कोले पुरेर घटनास्थलमानै मृत्यु भएको छ भने उनि सगै गएका सोही स्थान बस्ने ९ बर्षीया मनिका यादव र ५५ बर्षीया झोलीया यादव समेत घाईते भएको थियो।

घाईतेको उपचार रंगेली अस्पतालमा भईरहेको ईलाका प्रहरी कार्यालय रंगेली मोरङले जनाएको छ।

## तेस्रो चरणको खोप अभियान शुरु

विराटनगर। मोरङमा कोभिड-१९ विरूद्धको खोप एक लाख ३५ हजारलाई लगाइने भएको छ।

तेस्रो चरणको अभियानअन्तर्गत फागुन २३ गतेबाट खोप लगाउन सुरु गरिने स्वास्थ्य कार्यालय मोरङका प्रमुख डा. सुरेश मेहताले जानकारी दिनुभयो।

उहाका अनुसार ५५ वर्षमाथिका उमेर समूहलाई खोप लगाइने छ। उहाले तेस्रो चरणका लागि ७२ स्थानमा खोप केन्द्र निर्धारण गरिएको छ। मोरङमा पहिलो चरणमा पाँच हजार ८५९ र दोस्रो चरणमा पाँच हजार ३३४ जनाले खोप लगाएको स्वास्थ कार्यालयका सूचना अधिकारी धरणीधर निरौलाले जानकारी गराएका थिए।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानुनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस् ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।
अन्तरिक राजश्व कार्यालय विराटनगर

कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?
क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?
क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

3. यसबाट बच्न के-के गर्ने ?
क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

केराबारी गाउँपालिका मोरंग प्रदेश नं. १

# मानिसलाई बन्धक बनाई दश लाख फिरौति रकम माग गर्ने पक्राउ



विराटनगर । बिराटनगर महानगरपालिका वडा नं. १८ का २३ बर्षीय सुभाष कामतलाई बन्धक बनाई परिवारसंग १० लाख फिरौति रकम माग गर्ने ३ जनालाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा बिराटनगर महानगरपालिका वडा नं. २० का २० बर्षीय रोहित पण्डित, वडा नं. १६ का २१ बर्षीय अजय यादव र वडा नं. ६ की २८ बर्षीया सन्ध्या शर्मा रहेका छन् ।

शनिवार दिउँसो देखि कामतलाई बन्धक बनाएको र फिरौति बापत परिवारसंग १० लाख रकम माग गरेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले सूचना पाएको २ घण्टा भित्रै कामतलाई बिराटनगर महानगर पालिका वडा नं. ६ बाट सकुशल उद्धार गरेको हो ।

मानिस बन्धक बनाएको आरोपमा पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

# ट्रकको ठक्करबाट दुईको मृत्यु

झापा । झापा कनकाई नगरपालिका वडा नं. ४ स्थित पुर्व-पश्चिम राजमार्गमा ट्रकले कार र मोटरसाईकललाई ठक्कर दिदा २ जनाको मृत्यु र ४ जना घाईते भएका छन् ।

विहीवार दिउँसो को १ ख १६८४ नम्बरको ट्रकले ओभरटेक गर्ने क्रममा बिपरित दिशाबाट आउदै गरेको प्र १-०१-००१ च ०१६७ नम्बरको कार र प्र १-०१-०१३प१७८३ नम्बरको मोटर साईकललाई ठक्कर दिदाँ कारमा सवार सुनसरी धरान-१६ का २८ बर्षीय चालक दिपक क्षेत्री र सोलु पासाङ -१ का ३० बर्षीय दिलिप राना मगर गम्भिर घाईते भई बी एण्ड सी अस्पतालमा उपचारको क्रममा ५ बजे मृत्यु भएको थियो ।

कारमा सवार दिलिप राना मगरको श्रीमती ३० बर्षीय अन्जु मगर, सोही स्थान बस्ने ३० बर्षीय सुरेश मगर र मोटरसाईकलमा सवार झापा शिवसताक्षी २ का ३९ बर्षीय ज्ञान बहादुर कसाई र मोटरसाईकल पछाडी सवार निजकै श्रीमती ३० बर्षीया सोनम श्रेष्ठ घाईते भएका छन् ।

घाईतेहरुको सोही अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको थियो ।

ट्रक, ट्रक चालक मोरङ विराटनगर-१५ बस्ने प्रेम बहादुर वाईबा प्रहरीको नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ ।

कोरोना ( C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के-के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

रतुवामाई नगरपालिका मोरंग प्रदेश नं. १

# कोरोनापछि मानसिक स्वास्थ्य सुधारका लागि करुण कुवरका ८ सुझाव

एक वर्षअघि सुरु भएको कोरोना भाइरसको त्रास अहिले सामान्यता धेरैमा कम हुन थालिसकेको छ । तर यसबाट उब्जिएको मानसिक समस्या भने केही समय चलिरहने मनोचिकित्सकहरु बताउँछन् ।

कोरोना कालमा कोही आर्थिक समस्याका कारण, कोही घरायसी मनमुटावका कारण त कसैलाई रोगको त्रासका कारणले पनि मानसिक समस्याको तहसम्म पुऱ्यायो । तर कोरोना भाइरसको खोप बजारमा आइसकेपछि त्यो समस्या समाधान हुनुपर्ने हो । तर, महामारीको बेलामा कमजोर भएको मानसिक अवस्थालाई बलियो बनाउन केही समय लाग्ने मनोविद्हरू बताउँछन् ।

मानसिक स्वास्थ्य तथा परामर्श केन्द्रकी वरिष्ठ मनोविद् डा. करुणा कुँवर पहिलेको तुलनामा कोरोनाको खोप आइसकेपछि केही अवस्था सुधार भएपनि खोपप्रति पूर्ण भरोसा नराख्दा अझै यो समस्या समाधान हुन नसकेको बताउँछिन् ।

'कतिपयलाई खोपले ठीक गर्दैन कि ? भन्ने अन्यौलका कारण पनि पूर्ण रूपमा मानसिक समस्याबाट मुक्त हुन सकेको देखिँदैन' कुँवर भन्छिन् 'स्कुल सुरु भइसकेको अवस्थामा पनि स्कुल पठाउने कि नपठाउने भन्ने अन्यौल र अफिस पनि जाने कि नजाने भन्ने दोधारेपनाले पनि धेरै जनामा अझै कोरोनाप्रतिको त्रास नहटेको देखाउँछ ।'

कोरोना कालमा मानसिक रूपमा विक्षिप्त भएकाहरूलाई पुरानै अवस्थामा फर्किनको लागि खानपान, आफ्नो नियमित गतिविधि आदिमा ध्यान दिनुपर्ने उनको सुझाव छ ।




अहिले पनि अनावश्यक चिन्ता र उदासिपना धेरैमा देखिन्छ । कोभिडको बेलामा घरघरमा भएका कतिपय हिंसाहरु, मिस अण्डर स्ट्याण्डिङहरू अझै समाधान नभइसकेका हुन सक्छन् । यी समस्या समाधान विस्तारै हुँदै जान्छ । तर यसको लागि के-के कुरामा ध्यान दिने त ? डा. कुँवरले दिएको मानसिक समस्याबाट बच्ने केही टिप्सहरू तल उल्लेख गरिएको छ ।

१. दैनिक गतिविधिको निरन्तरता

जतिसुकै चिन्ता र उदासिनता भए पनि आफूले कोरोनाकाल अघि गरेका दैनिक गतिविधिलाई जारी राख्नुहोस् । यसले चिन्ता र उदासिनतालाई बिस्तारै कम गर्दै जान मद्दत गर्छ ।

२. समयप्रति भरोसा राख्नुहोस्

धेरैलाई समयको विश्वास हुँदैन । जुन सुकै कुराको पनि समय आएपछि समस्या समाधान हुन्छ भन्ने भरोसा राख्नुपर्छ । कोरोनाले केही समय त्रासमा राखे पनि खोप आइसकेको छ, यसरी नै समय आएपछि सबै कुराको समाधान हुन्छ भनेर समयलाई विश्वास गर्नुपर्छ । यसैले हामीलाईचिन्ताबाट मुक्त गराउन मद्दत गर्छ ।

३. धैर्य अनिवार्य

मानसिक समस्या भएका व्यक्तिमा धैर्य अनिवार्य शर्त हो । हामी जे कुरामा पनि धैर्यशील हुनुपर्छ । कुनै समस्या परिहाल्यो भने झट्टै आत्तिहाल्ने बानी त्याग्नुपर्छ ।

४. समझदारी र सहकार्य अनिवार्य

कोरोना कालमा धेरैले धेरैसँग वैमनस्यता राखेका उदाहरणहरु पाइन्छन् । आफ्ना छिमेकी, आफन्त लगायतप्रति बढी अविश्वास गरेर हामीले सम्बन्धमा चिसोपना प्रदान गरिसकेका छौं । तर अब त्यो चिसो सम्बन्धलाई पुरानै अवस्थामा लैजानु पर्छ । अब छिमेकी, आफन्त र साथीहरुसँग सहकार्य र समझदारीका साथ अघि बढ्नुपर्छ ।

५. खानपानमा ध्यान दिने

खानपान मानसिक स्वास्थ्यको लागि अति महत्वपूर्ण कुरा हो । के खाने, कतिबेला खाने र कति खाने भन्ने कुरा हामीले ध्यान दिनुपर्ने कुराहरु हुन् । खाना आफूले खाने नियमित समयमा खानुहोस् । सकेसम्म परिवारका सबै सदस्यहरु सँगै बसेर खाना खानुहोस् । जसले गर्दा पारिवारिक मेलमिलापसँगै मनमा अनावश्यक कुरा खेल्न पाउँदैन ।

६. अभ्यास नियमित गर्नु

नियमित अभ्यास गर्नु पनि मानसिक स्वास्थ्यको लागि आवश्यक हुन्छ । बिहान कोरोनाकाल अघि जस्तै गरी आफूले नियमित अभ्यास गर्नाले हाम्रो शारीरिक सँगै मानसिक अवस्थालाई पनि सुधार गर्न यसले मद्दत गर्छ ।

७. सोसल मिडियामा एकदमै धेरै कम गर्नुपर्छ

सामाजिक सञ्जाल सबै उमेर समूहको मानसिक समस्याको मुख्य कारण हो । यो समयमा धेरै सामाजिक सञ्जालमा झुण्डिनु मानसिक समस्याको बिउ रोप्नु जस्तै हो । त्यसैले चलाउनै परे केही बेर चलाउने र बन्द गरिहाल्नुपर्छ । जति सक्दो कम सामाजिक सञ्जाल चलाउनु पनि मानसिक समस्या कम गर्ने एउटा उपाय हो ।

८. पर्याप्त सुत्नु

अहिले विद्यालय सुरु भइसकेपछि बच्चाहरुले पनि पर्याप्त सुत्न त पाउँदैनन् । तर बच्चाको लागि यस्तो अवस्थामा १० अनिवार्य सुत्न दिनुपर्छ । वयष्कहरुको लागि पनि ८ घण्टाको निद्रा अनिवार्य हुन्छ ।

यी सबै विधिहरू अपनाएर मानसिक समस्यालाई कम गर्न सकिन्छ । अनलाईन खबरबाट

धुम्रपान मद्यपान आजै देखि त्यागौ र निरोगी रहौं ।

कोरोना ( C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के-के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

लेटाङ्ग नगरपालिका मोरंग प्रदेश नं. १




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर
MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.
Maximum care for life
Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# नेपाल पत्रकार महासंघ मोरंगद्वारा झा र न्यौपानेलाई सूचनाको अधिकार पुरस्कार

नेपाल पत्रकार महासंघ मोरङ शाखाको शुक्रबार सम्पन्न बैठकले षष्टिका बस्नेत सूचनाको अधिकार पुरस्कार सूचना क्षेत्रका अभियन्ता धर्मेन्द्र झा र षष्टिका बस्नेत सूचनाको अधिकार प्रोत्साहन पुरस्कार मोहनकाजी न्यौपानलाई प्रदान गर्ने निर्णय गरेको छ।


झालाई प्रदान गर्ने पुरस्कारको राशी ५० हजार ५१ र प्रमाणपत्र रहेको छ भने न्यौपानेलाई दिने पुरस्कारको राशी १५ हजार १५ र प्रमाण पत्र रहेको छ।

झा नेपाल पत्रकार महासंघको पूर्व केन्द्रिय अध्यक्ष हुनु हुन्छ भने मेचीनगर पालिका वडा नं. १०, धुलाबारी बस्ने न्यौपान नेपाल पत्रकार महासंघ झापाको पूर्वअध्यक्ष तथा लोकतन्त्र पोस्ट दैनिकको सम्पादक हुनुहुन्छ।

वहांहरूलाई सूचना अधिकारको क्षेत्रमा पुऱ्याउनुभएको योगदानको उच्च मूल्यांकन गर्दै यी दुई पुरस्कार दिने निर्णय गरिएको हो। महासंघ मोरङ शाखाले यसअघि षष्टिका बस्नेत सूचनाको अधिकार पुरस्कार-२०७५ बाट शिव गाउँलेलाई सम्मानित गरेको थियो। त्यस्तै, सोही पुरस्कार २०७४ सालमा तारानाथ दाहाल र २०७३ सालमा विनय कसजूलाई प्रदान गरिएको थियो। प्रोत्साहन पुरस्कार यसअघि गणेश लम्साल र राजु श्रेष्ठलाई प्रदान गरिएको थियो।




धर्मेन्द्र झा




मोहनकाजी न्यौपाने

अहिले वितरण गर्न लागिएको पुरस्कार गत वर्षको चैत १६ गते नेपाल पत्रकार महासंघको स्थापना दिवसका दिन वितरण गर्नेगरी तयारीसमेत गरेको अवस्थामा कोभिड-१९ र चैत ११ गतेदेखिको लकडाउनले गर्दा रोकिएको थियो।

पुरस्कार हरेक वर्ष चैत १६ गते नेपाल पत्रकार महासंघको स्थापना दिवसका अवसरमा प्रदान गर्ने प्रचलन रही आएकोमा यस वर्ष महासंघको निर्वाचन तालिका प्रकाशित भई कार्यक्रम प्रभावित हुने अवस्थालाई मध्यनजर गर्दै यही फागुन २८ गते, शुक्रबार पुरस्कार वितरणको कार्यक्रमको आयोजना गर्ने निर्णय गरिएको छ। सोही दिन दुवै जनालाई उक्त पुरस्कारबाट सम्मानित गरिने भएको छ।

अधिकतम खुला र पारदर्शी बनाई विधिको शासन स्थापित गर्ने अस्त्रको रूपमा सूचनाको हक एक सशक्त माध्यम हो। विश्वका सयभन्दा बढी मुलुकले यसलाई प्रजातन्त्रको प्राणवायुको रूपमा प्रयोग गर्दै आइरहेका छन्। नेपालमा पनि नागरिकको सूचनाको हकको संरक्षण, सम्वर्द्धन र प्रचलन गर्नका लागि विभिन्न अभियन्ताले काम गर्दै आएको सन्दर्भमा त्यस्ता अभियन्ताहरू लाई थप प्रोत्साहन गर्न नेपाल पत्रकार महासंघ मोरङ शाखाले रु. ७ लाखको अक्षयकोष वि सं. २०७३ सालमा खडा गरेको थियो।

उक्त कोष सूचनाका अधिकारकै क्षेत्रमा कार्यरत विराटनगर महानगर पालिका वडा नं. ११ निवासी केदार बस्नेतले आफ्नी दिवगंत पत्नी षष्टिका बस्नेतको नाममा स्थापना गर्नु भएको थियो।

# ब्राउन सुगर सहित दुई पक्राउ

झापा। झापा मेचीनगर नगरपालिका वडा नं. ६ स्थित मेची पुलबाट लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित दुई जना पक्राउ परेका छन।

पक्राउ पर्नेमा पाँचथर आङना-४ घर भई हाल झापा दमक नगरपालिका वडा नं. १ बस्ने २३ बर्षीय गणेश खत्री र मोरङ उर्लाबारी-९ का २७ बर्षीय अनुप तामाङ रहेका छन्।

खत्रीलाई ३ ग्राम खैरोहिरोईन ब्राउनसुगर र तामाङलाई १ ग्राम खैरोहिरोईन ब्राउनसुगर सहित लागुऔषध नियन्त्रण ब्युरो काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो।

पक्राउ परेका दुबैजनालाई ईलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको छ।

त्यसैगरी झापा भद्रपुर नगरपालिका वडा नं. ६ का २६ बर्षीय बिशाल मण्डललाई लागुऔषध ब्राउन सुगर सहित पक्राउ गरिएको छ।

भद्रपुर नगरपालिका वडा नं. ५ स्थित बसपार्कमा लागुऔषध नियन्त्रण ब्युरोबाट खटिएको प्रहरी टोलीले लागुऔषध ब्राउन सुगर १७ ग्राम, डिजिटल तराजु थान १, भिभो कम्पनीको मोबायल फोन थान २ र डब्लु बी ७४ ए क्यू ३८६४ नम्बरको स्कुटर सहित मण्डललाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

# मेयर पराजुलीद्वारा खुल्ला व्यायाम शाला उद्घाटन

विराटनगर। विराटनगर महानगर पालिका वडा नं. ५ त्रिमुर्ति चौकमा निर्माण गरिएको खुल्ला व्यायामशालाका एक कार्यक्रमको आयोजना गरी विराटनगर महानगर पालिकाको प्रमुख भीम पराजुलीले समुद्घाटन गरेको छ।

लायन्स क्लब अफ विराटनगर शुभमल क्लबले विराटनगर महानगरपालिकासँगको सहकार्यमा सात लाख ५० हजारमा निर्माण गरिएको व्यायामशाला निःशुल्क रूपमा सञ्चालन हुने लायन्स क्लब अफ विराटनगर शुभम अध्यक्ष मोनिका शर्माले जानकारी गराएको थिए।

विराटनगरका चार स्थानमा महानगरले खुल्ला व्यायामशाला निर्माण गर्ने निर्णय गरेको प्रमुख पराजुलीले वताउँदै नियमित व्यायाम गर्नाले शारीरिक तथा मानसिक रूपमा स्वस्थ हुन सकिने बताएका थिए।

छोरा छोरी दुवै बरावरी त्यसैले दुवैलाई विद्यालय पठाऔं।

## सर्वोच्च...

प्रदेशहरुमा समेत एक प्रकारको राजनीतिक अस्थिरता जन्मिएको देखिन्छ।

सर्वोच्च अदालतको फैसलाले संविधान र संसदलाई क्रियाशील बनाइदिएको वर्तमान अवस्थामा संघीयता, धर्म निरपेक्षता, समानुपातिक समावेशीता विरोधी हरुको उत्साहलाई पक्कै पनि निरुत्साहित गरेको हुनुपर्छ। यसै अवधिमा नागरिक आन्दोलनमार्फत युवा, महिला, मधेसी, दलित, मुस्लिम, आदिवासी जनजातिका नयाँ नयाँ नेतृत्वहरुले उठाएको आवाजले नेपालमा लोकतन्त्रको लोकतान्त्रीकरण गर्ने बाटो फराकिलो पार्दैछ भन्ने विश्वास लिन सकिन्छ।

न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि : राजनीतिक प्रश्न मिश्रित संवैधानिक विषयको छिनोफानो गर्नुपर्ने जुनसुकै मुद्दामा न्यायपालिका एउटा कठिन अग्निपरीक्षाबाट गुज्रिनुपर्ने अवस्था विद्यमान रहन्छ। विगतमा विभिन्न पटक संसद विघटन हुदा सर्वोच्च अदालतमा मुद्दा परेका थिए तर कुनैपनि फैसला आलोचनामुक्त भने हुन सकेन।

यसपालि पनि सर्वोच्च अदालतमा बहस भइरहँदा बाहिर भने अनेकन अड्कलबाजी, शंका, उपशंका व्यक्त भइरहे। यसै मुद्दाको सेरोफेरोमा चारजना पूर्व प्रधानन्यायाधीश, पूर्व सभामुख तथा वर्तमान प्रधानमन्त्री समेतका विरुद्ध अदालतको अवहेलना मुद्दा समेत दर्ता भयो। तर सर्वोच्च अदालतका पाँचैजना न्यायाधीशहरुले एकमतले जुन फैसला सुनाए त्यसले सर्वोच्च अदालत जटिल परिस्थितिमा पनि परिपक्व निर्णय लिन सक्षम छ भन्ने सन्देश प्रवाह गरेको छ।

उचित समाधान दिन नसकी पुनः प्रतिनिधि सभा विघटन हुने अवस्थामा पुग्यो भने नेपालको राजनितिक नेतृत्वको क्षमतामाथि ठूलो प्रश्न उठ्नेछ।

सुन्नमा आएको छ कि २०७७ फागुन ११ गते फैसला नै सुनाइदिने पूर्वतयारी थिएन। तर पाँचैजना न्यायाधीशहरुले आफ्नो राय राखिसकेपछि समय लम्ब्याएको खण्डमा आन्तरिक वा बाह्य विभिन्न शक्ति केन्द्रहरुको प्रभाव पर्नसक्ने डरलाई चुनौती दिँदै सोही दिन सर्वसम्मत फैसला सुनाइएको हो। यसबाट नेपालको सर्वोच्च अदालतका न्यायाधीशहरुको चातुर्य पनि प्रष्ट भएकै छ।

तर यतिमात्रले न्यायपालिका प्रतिको आस्था सम्पूर्ण रुपमा कायम भइहाल्ने दावी भने गर्न सकिदैन। प्रदेश २ सरकारले प्रादेशिक अधिकारमा संघीय सरकारले गरेको अतिक्रमणविरुद्ध आधा दर्जनजति मुद्दा सर्वोच्च अदालतमा दर्ता गरेको छ तर संवैधानिक इजलासमा ती मुद्दाहरुको सुनुवाइमा ढिलाइ भइरहेको छ।

प्रतिनिधि सभा विघटन गरिसकेपछि कामचलाउ प्रधानमन्त्रीका रुपमा परिणत भएका प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको मन्त्रिपरिषद पुनर्गठनविरुद्धको रिट, संवैधानिक परिषदसम्बन्धी ऐन संशोधन अध्यादेशजविरुद्धको रिट, मानव अधिकार आयोग, अख्तियार दुरुपयोग आयोगलगायतका विभिन्न संवैधानिक निकायमा गरिएका नियुक्ति र पद ग्रहण संसदीय सुनुवाइविना नै भएकाले असंवैधानिक दावी गरी दर्ता गरिएको रिटजस्ता अत्यन्त महत्वपूर्ण संवैधानिक विषयहरु माथिको रिटहरुमा अपेक्षित द्रुतताका साथ सुनुवाइ हुन सकिरहेको छैन।

अझ संवैधानिक परिषद सम्बन्धी ऐन संशोधन अध्यादेशविरुद्धको रिट संवैधानिक इजलासमा विचाराधीन भएको अवस्थामा सोही अध्यादेश बमोजिमको संवैधानिक परिषदको बैठकमा प्रधानन्यायाधीशको उपस्थिति भएपछि सो रिट प्रधानन्यायाधीश सम्मिलित संवैधानिक इजलाशसले हेर्न मिल्ने नमिल्ने नैतिक र कानुनी संकट उत्पन्न भएको छ। आशा छ यी मुद्दाहरुमा समेत सर्वोच्च अदालतले उचित विधि र प्रक्रिया अवलम्बन गरी निर्णय लिने नै छ।

अन्त्यमा

न्यायपालिकाले संवैधानिक र कानुनी विषयको समाधान दिने हो। विशुद्ध राजनीतिक विषयको समाधान भने राजनीतिकर्मीहरुले नै पहिल्याउनुपर्ने हुन्छ। सर्वोच्च अदालतको आदेश बमोजिम प्रतिनिधिसभाको बैठक पुनः बस्दै छ। प्रतिनिधि सभालाई विश्वास नगरी विघटन गर्ने प्रधानमन्त्रीलाई सोही प्रतिनिधि सभाले पुनः विश्वास गर्ने वा नयाँ नेतृत्व चयन गर्ने विकल्प भने स्वतन्त्र, सक्षम ढंगले प्रतिनिधिसभाले नै तय गर्नुपर्नेछ।

उचित समाधान दिन नसकी पुनः प्रतिनिधि सभा विघटन हुने अवस्थामा पुग्यो भने नेपालको राजनीतिक नेतृत्वहरुको क्षमतामाथि ठूलो प्रश्न उठ्नेछ। आशा गरौं प्रतिनिधिसभाको आगामी बैठकबाट एउटा सहज र संविधानसम्मत निकास देशले प्राप्त गर्नेछ। लेखक प्रदेश २ का मुख्य न्यायाधिवक्ता हुन्।


## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

सुनबर्सी नगरपालिका मोरंग प्रदेश नं. १






## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो। त्यसैलेकर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस्। लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर। कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्मामामा सभागी बनौं। सामान किनौं गतिलो ठानेर बिल मागौं अधिकार ठानेर।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर